आज मिति २०८१/०५/२६ गते बुधबारका दिन उच्च सरकारी वकील कार्यालय, तुलसीपुरका का.मु.सहन्यायाधिवक्ता श्री धर्म अवतार कोइराला ज्यूको अध्यक्षतामा देहायका कर्मचारीहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

का.मु.सहन्यायाधिवक्ता श्री धर्म अवतार कोइराला

उपन्यायाधिवक्ता श्री जय प्रसाद धिताल

सहायक न्यायाधिवक्ता श्री टीका कुमारी रोका (के.सी.)

सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी

नायब सुब्बा श्री अमरशिङ झाक्रीमगर

नायब सुब्बा श्री गोविन्द थापा

नायब सुब्बा श्री सुमन कुमार चौधरी

लेखापाल श्री दिनेश प्रसाद जैसवाल

खरिदार श्री अनिल के.सी.

खरिदार श्री प्रविन प्रसाद

सहायक कम्प्युटर अपरेटर श्री दिक्षा गुरुङ

ह.स.चा.श्री परसुनन्दन चौधरी

कार्यालय सहयोगी श्री बुद्धिराम चौधरी

कार्यालय सहयोगी श्री रिता रिजाल

कार्यालय सहयोगी श्री महेश चौधरी

कार्यालय सहयोगी श्री दिपेश वली

## प्रस्तावहरु

१.मुद्दाको अभिलेख ब्यवस्थापन सम्वन्धमा ।

२.सहायक स्तरका कर्मचारीहरुको शाखा तथा फाट ब्यबस्थापन सम्वन्धमा ।

३.बार्षिक कार्ययोजनाको कार्यान्वयन सम्वन्धमा ।

४.बिबिध सम्वन्धमा ।

## निर्णयहरु

प्रस्ताव नं. १ मा छलफल गर्दा, यस कार्यालयमा रहेका मुद्दाहरुको पेशी तथा साक्षीको अभिलेख, मूद्दाको फैसला भई जानकारी प्राप्त हुन आएका/नआएको विवरण यकिन गरी लगत भिडाई जानकारी नआएका मुद्दाको विवरण समेत अदालतसंग समन्वय गरी म्याद भित्रै

आवश्यक कारवाहि गरी सम्वन्धीत निकायमा यथाशिघ्र पठाई सोको अभिलेख राखी अभिलेख ब्यवस्थापनलाई थप चुस्त बनाउने र यसको अग्रसरता मुद्दा तथा रिट शाखाले गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.२ मा छलफल गर्दा, यस कार्यालयमा कार्यरत सहायक स्तरका कर्मचारीलाई मिति २०८१।०५।२४ गते कार्यालय प्रमुखबाट कार्यबिवरणमा तोकिएका शाखा प्रमुखको सहयोगी कर्मचारीको रुपमा कामकाज गर्ने गरी तपशिल बमोजिमको शाखा तथा फाँटको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

क. मूद्दा तथा रिट शाखा - शाखा प्रमुख सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी/सहायक कर्मचारी ना.सु.श्री गोविन्द थापा, ना.सु.श्री सुमन कुमारी चौधरी र खरिदार श्री अनिल के.सी. ।

ख. कसूर पीडित तथा साक्षी संरक्षण र हिरासत अनुगमन शाखा- शाखा प्रमुख सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका (के.सी.) / सहायक कर्मचारी ना.सु.श्री गोविन्द थापा, ना.सु.श्री सुमन कुमारी चौधरी र खरिदार श्री अनिल के.सी. ।

ग. बहस पैरवी ब्यवस्थापन शाखा- शाखा प्रमुख सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका (के.सी.) / सहायक कर्मचारी ना.सु.श्री गोविन्द थापा, ना.सु.श्री सुमन कुमारी चौधरी र खरिदार श्री अनिल के.सी. ।

घ. प्रशासन, योजना तथा कानूनी राय शाखा- शाखा प्रमुख उपन्यायाधिवक्ता श्री जय प्रसाद धिताल/ सहायक कर्मचारी ना.सु.श्री अमरशिङ झाक्री मगर ।

ङ. साइवर सुरक्षा र सूचना प्रविधि शाखा- शाखा प्रमुख उपन्यायाधिवक्ता श्री जय प्रसाद धिताल/ सहायक कर्मचारी सहायक कम्प्युटर अपरेटर श्री दिक्षा गुरुङ ।

च. पुस्तकालय शाखा- शाखा प्रमुख सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी / सहायक कर्मचारी खरिदार श्री अनिल के.सी.।

छ. आर्थिक प्रशासन फाँट-लेखापाल श्री दिनेश प्रसाद जैसवाल ।

ज. दर्ता चलानी फाँट- खरिदार प्रविन प्रसाद ।

प्रस्ताव नं.३ मा छलफल गर्दा, महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चबर्षिय रणनीतिक योजना कार्यान्वयनको लागि असोज महिनासम्म सम्पन्न गर्नु पर्ने क्रियाकलापहरु सम्पन्न गर्नका लागि प्रशासन, योजना तथा कानूनी राय शाखा प्रमुख उपन्यायाधिवक्ता श्री जय प्रसाद धिताल, योजना कार्यान्वयन अधिकारी सहायक न्यायाधिवक्ता श्री टिका कुमारी रोका (के.सी.) नायब सुब्बा श्री अमरशिङ झाक्री मगर, मुद्दा तथा रिट शाखाका नायब सुब्बा

श्री गोविन्द थापा र लेखापाल श्री दिनेश प्रसाद जैसवाललाई जिम्मेवारी दिई असोज १५ गते भित्र उल्लेखित कार्य सम्पन्न गरी सहन्यायाधिवक्ता समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ मा छलफल गर्दा, उच्च सरकारी वकील कार्यालय पाटन ललितपुरबाट सरुवा भई आउनु भएका का.मु.सहन्यायधिवक्ता श्री धर्म अवतार कोइराला र जिल्ला सरकारी वकील कार्यालय घोराही दाङबाट सरुवा भई आउनु भएका नायब सुब्बा श्री अमरशिङ झाक्री मगरलाई स्वागत गर्दै कार्यकाल सफल रहोस भनि शुभकामना प्रदान गरियो ।

साथै मुद्दा अन्तिम टुङगो लागे नलागेको सम्वन्धमा प्राप्त निवेदन बारे एकअर्का शाखासंग समन्वय गरी यथाशिघ्र सूचना दिने,मुद्दा ब्यवस्थापन प्रणाली (CMS) Entrée लाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न साइवर सुरक्षा र सूचना प्रविधि शाखाले अग्रसरता लिने र कार्यालय तथा कार्यालय परिसरको दैनिक सरसफाई कार्यलाई थप ब्यवस्थित रुपमा परिचालन गर्नुपर्ने देखिएकोले सो कार्यलाई समेत ब्यवस्थित गर्ने र यसको अग्रसरता प्रशासन शाखाले लिने निर्णय गरियो ।